# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) वीरेन्द्रनगर, सुर्खेत, जेठ १७ गते, २०८० साल (संख्या ३


## भाग-२

### कर्णाली प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको

## सूचना

### प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९

प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७८ को दफा ५५ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७८ सम्झनु पर्छ।

(ख) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले लघु उद्यम, घरेलु उद्योग र साना उद्योगको हकमा कार्यालय र मझौला उद्योग र ठूला उद्योगको हकमा निर्देशनालय सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले ऐनको दफा ३७ बमोजिमको कोष सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>उद्योग दर्ता अद्यावधिक,उद्योग दर्ता तथा खारेजी सम्बन्धी व्यवस्था</u>

३. **<u>उद्योग दर्ता अद्यावधिक गराउनु पर्ने</u>**: (१) ऐनको दफा ३ को उपदफा (२) बमोजिम उद्योग अभिलेखीकरण तथा अद्यावधिकका लागि देहाय बमोजिमका कागजात संलग्न राखी निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपि,

(ख) उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) उद्योग दर्ता गर्ने निकायले तोकेका अन्य आवश्यक कागजात।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा उद्योग दर्ता गर्ने निकायले अभिलेख व्यवस्थित गरी उद्योग दर्ता प्रमाणपत्रमा अद्यावधिक भएको व्यहोरा जनाई दिनु पर्नेछ।

(३) ऐनको दफा ३ को उपदफा (५) बमोजिम प्रदेशमा शाखा उद्योगको रुपमा दर्ता भएका उद्योगले यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र छुट्टै उद्योगको रुपमा दर्ता गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

तर, यो नियम प्रारम्भ हुन अघि औद्योगिक व्यवसाय सम्बन्धी संघीय कानून बमोजिम प्रदेशको निकायमा दर्ता भएका उद्योगहरुको हकमा यो नियम लागू हुने छैन।

४. **उद्योग दर्ता गर्न निवेदन दिनु पर्नेः** ऐनको दफा ४ को उपदफा (१) बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले देहायका विवरण र कागजातसहित उद्योग दर्ताको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रिय परिचय-पत्रको प्रतिलिपि,

(ख) निवेदक फर्म भए फर्म दर्ता प्रमाणपत्र वा कम्पनी भए कम्पनी दर्ताको प्रमाणपत्र, प्रवन्धपत्र र नियमावलीको प्रतिलिपि,

(ग) उद्योग रहने स्थानको नक्साङ्कन सहितको विवरण,

(घ) निवेदन दिन प्रतिनिधि नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

(ङ) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भए साझेदारबीच भएको सम्झौताको प्रतिलिपि,

(च) अनुसूची-२ बमोजिमको परियोजना विवरण,

(छ) उद्योग दर्ता गर्ने निकायले तोकेका अन्य आवश्यक कागजात।

५. **उजुरी दिँदा संलग्न गर्नु पर्ने कागजातः** उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता गर्न अस्वीकार गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले ऐनको दफा ५ को उपदफा (३) बमोजिम मन्त्रालयमा उजुरी दिंदा देहायका कागजातहरु संलग्न राख्नु पर्नेछः-

(क) उद्योग दर्ता गर्ने निकायले गरेको निर्णयको प्रतिलिपि,

(ख) उद्योग दर्ताको लागि पेश गरेको विवरण र कागजातको प्रतिलिपि,

(ग) उजुरीको व्यहोरा पुष्टि गर्ने अन्य कागजात।

६. **<u>प्रमाणपत्र दिनु पर्ने</u>:** (१) नियम ४ बमोजिम प्राप्त निवेदन उपर उद्योग दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गर्दा उद्योग दर्ताका लागि आवश्यक पर्ने सम्पूर्ण विवरण वा कागजात प्राप्त भएको देखिएमा उद्योग दर्ता गरी निवेदकलाई अनुसूची-३ बमोजिमको ढाँचामा उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दिइने उद्योग दर्ताको प्रमाणपत्रमा ऐनको दफा ६ को उपदफा (३) मा उल्लिखित विवरणका अतिरिक्त अनुसूची-४ बमोजिम उद्योग सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्ने अवधि समेत उल्लेख गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम शर्त तोक्दा उद्योग दर्ता गर्ने निकायले उद्योगको प्रकृति अनुसार उद्योगले पालना गर्नु पर्ने अन्य आवश्यक शर्तहरु समेत उल्लेख गर्न सक्नेछ।

७. **<u>अवधि थपको लागि निवेदन दिनु पर्ने</u>:** (१) ऐनको दफा ८ को उपदफा (२) बमोजिम अवधि थप गर्दा अनुसूची -५ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा देहाय बमोजिम विलम्व शुल्क बुझाएको निस्सा समेत संलग्न राख्नु पर्नेछ:-

(क) घरेलु तथा साना उद्योगको हकमा पन्ध्र हजार रुपैयाँ,

(ख) मझौला उद्योगको हकमा पचास हजार रुपैयाँ,

(ग) ठुला उद्योगको हकमा एकलाख पचास हजार रुपैयाँ।

(३) उपनियम (१) बमोजिम दिइएको निवेदनका सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले कुनै थप विवरण, कागजात वा जानकारी माग गर्नु पर्ने देखेमा सात दिनभित्र त्यस्तो विवरण, कागजात वा जानकारी माग गरी आवश्यक जाँचबुझ गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो विवरण, कागजात वा जानकारी प्राप्त भएको पन्ध्र दिनभित्र उद्योगको प्रकृति, उद्योग सञ्चालनका लागि हालसम्म भएको प्रगति, अवधि थप गर्नु पर्ने औचित्य समेतका आधारमा उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिमा बढीमा एक वर्षको लागि त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि थप गर्न सक्नेछ।

(५) यो नियमावली प्रारम्भ हुनुपूर्व दर्ता भएका उद्योगले उपनियम (१) बमोजिम अवधि थपको लागि निवेदन नदिएको वा व्यवसायिक कारोबार नगरेको भए यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकाय समक्ष अवधि थपको लागि निवेदन दिन सक्नेछ।

८. **उद्योग स्थानान्तरणः** (१) ऐनको दफा १० को उपदफा (१) बमोजिम उद्योग स्थानान्तरणका लागि निवेदन दिंदा देहायका विवरण र कागजात सहित अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) करचुक्ता प्रमाणपत्र,

(ख) प्राइभेट लिमिटेड कम्पनी, मुल्यअभिवृद्धी करमा दर्ता भएका, साझेदारीमा स्थापना भएका र पचास लाख रुपैयाँभन्दा बढी पूँजी हुने उद्योगको हकमा अघिल्लो आर्थिक वर्ष सम्मको लेखापरीक्षण प्रतिवेदन,

(ग) उद्योग स्थानान्तरण गर्ने गाउँपालिका वा नगरपालिकाको सिफारिस,

(घ) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने भएमा सोको स्वीकृत प्रतिवेदन,

(ङ) उद्योग सञ्चालन गर्दा ऐन वा प्रचलित कानून बमोजिम कुनै छुट, सुविधा वा

सहुलियत प्राप्त गरेको भए त्यस्तो छुट, सुविधा वा सहुलियत प्रदान गर्ने निकायको सहमति,

(च) अनुसूची-२ बमोजिमको अद्यावधिक परियोजना विवरण।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले अवधि तोकी उद्योग स्थानान्तरण गर्दा सम्बन्धित उद्योगले पालना गर्नु पर्ने अन्य कुनै शर्त भए सो समेत उल्लेख गरी अनुसूची-७ बमोजिमको ढाँचामा उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा उद्योग स्थानान्तरणको स्वीकृति दिन मनासिब नदेखिएमा उद्योग दर्ता गर्ने निकायले सोको जानकारी निवेदकलाई सात दिनभित्र दिनु पर्नेछ।

९. <u>उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्न निवेदन दिनु पर्ने</u>: (१) ऐनको दफा ११ को उपदफा (२) बमोजिम कुनै उद्योगले आफ्नो विद्यमान पूँजी, क्षमता वृद्धि वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न देहायका विवरण र कागजात सहित उद्योग दर्ता गर्ने निकाय समक्ष अनुसूची-८ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) करचुक्ता प्रमाणपत्र,

(ख) प्राइभेट लिमिटेड कम्पनी, मुल्यअभिवृद्धी करमा दर्ता भएका, साझेदार र पचास लाख रुपैयाँभन्दा बढी पूँजी हुने उद्योगको हकमा अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ग) अनुसूची -९ बमोजिमको अद्यावधिक विवरण,

(घ) पूँजी वृद्धि, क्षमता वृद्धि वा उद्देश्य थप वा परिवर्तन गर्ने सम्बन्धमा सम्बन्धित कम्पनीको प्रबन्धपत्र वा नियमावलीमा संशोधन गरेको भए सोको प्रतिलिपि,

(ङ) साझेदारी फर्म भए साझेदारबीच भएको सम्झौताको प्रतिलिपि,

(च) प्रचलित कानून बमोजिम कुनै निकायको सिफारिस आवश्यक पर्ने भए सम्बन्धित निकायको सिफारिसपत्र,

(छ) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने भएमा प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन।

(२) उपनियम (१) बमोजिम प्राप्त विवरण तथा कागजात जाँचबुझ गर्दा निवेदनलाई पुष्ट्याई गर्ने कुनै थप विवरण वा कागजात आवश्यक भएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो विवरण वा कागजात निवेदकसँग माग गर्न सक्नेछ।

(३) उपनियम (२) बमोजिम माग भएको विवरण वा कागजात निवेदकले सात दिनभित्र उद्योग दर्ता गर्ने निकायमा बुझाउनु पर्नेछ।

(४) उपनियम (१) बमोजिम निवेदन, विवरण वा कागजात जाँचबुझ गर्दा उद्योगको स्थलगत निरीक्षण गर्न आवश्यक देखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको स्थलगत निरीक्षण गरी वा गराई सोको प्रतिवेदन लिन सक्नेछ।

(५) उपनियम (१) र (२) बमोजिमको निवेदन, विवरण तथा कागजात र उपनियम (४) बमोजिमको स्थलगत निरीक्षण प्रतिवेदन समेतको आधारमा स्वीकृति दिन मनासिव देखिएमा उद्योग दर्ता गर्ने निकायले ऐनको दफा ११ को उपदफा (२) बमोजिम

उद्योगको विद्यमान पूँजी वृद्धि, क्षमता वृद्धि वा उद्देश्य थप वा परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ।

(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि उद्योगको उद्देश्य थप गर्दा थपिने उद्देश्य र साविकको उद्देश्यबीच उत्पादन, उत्पादन प्रक्रिया, कच्चा पदार्थ तथा ऐनको दफा १७ को उपदफा (२) को वर्गीकरणमा समेत फरक नपर्ने गरी गर्नु पर्नेछ।

१०. **विवरण पेश गर्नु पर्ने**: (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि ऐनको दफा १२ को उपदफा (१) मा उल्लिखित अवधिभित्र देहायका विवरण वा कागजात उद्योग दर्ता गर्ने निकायसमक्ष पेश गर्नु पर्नेछः-

(क) प्राइभेट लिमिटेड कम्पनी, मुल्यअभिवृद्धि करमा दर्ता भएका, साझेदार र पचास लाख रुपैयाँभन्दा बढी पूँजी हुने उद्योगको हकमा अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ख) कर चुक्ता प्रमाणपत्र,

(ग) स्वीकृत र जडित क्षमता,

(घ) अनुसूची-९ बमोजिमको उद्योगको अद्यावधिक विवरण।

(२) उपनियम (१) बमोजिमको विवरण वा कागजात मन्त्रालयले निर्धारण गरेको तरिका अनुसार विद्युतीय माध्यमबाट पनि पेश गर्न सकिनेछ।

(३) उपनियम (१) वा (२) बमोजिम विवरण वा कागजात प्राप्त भएपछि उद्योग दर्ता गर्ने निकायले आफ्नो अभिलेख अद्यावधिक गरी सोको जानकारी सात दिनभित्र सम्बन्धित उद्योगलाई दिनु पर्नेछ।

(४) यो नियमावली प्रारम्भ हुनुपूर्व दर्ता भएका उद्योगले उपनियम (१) बमोजिम विवरण वा कागजात नबुझाएको भए यो नियमावली प्रारम्भ भएको मितिले छ महिना भित्र उद्योग दर्ता गर्ने निकाय समक्ष बुझाउनु पर्नेछ।

११. **उद्योग बन्द गरेको जानकारी दिनुपर्नेः** कुनै उद्योगले आफूले सञ्चालन गरी आएको उद्योग बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा सोको जानकारी उद्योग दर्ता गर्ने निकायमा अनुसूची -१० बमोजिमको ढाँचामा दिनु पर्नेछ।

१२. **दर्ता खारेज सम्बन्धी व्यवस्थाः** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भई उद्योगको दर्ता खारेज गर्नुपर्ने भएमा उद्योगको दर्ता खारेजीका लागि देहायको विवरण र कागजात सहित उद्योग दर्ता गर्ने निकाय समक्ष अनुसूची-११ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) लिक्वीडेटर नियुक्त भएको भए त्यस्तो लिक्वीडेटरले पेश गरेको उद्योगको खारेजी सम्बन्धी प्रतिवेदन,

(ख) लिक्वीडेटर नियुक्ति नभएको भए मान्यता प्राप्त मूल्याङ्गनकर्ताबाट तयार गरिएको उद्योगको जायजेथाको मूल्याङ्कन प्रतिवेदन,

तर एक करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योगको हकमा उद्योगले पेश गरेको जायजेथा मूल्याङ्कन प्रतिवेदन पनि मान्य हुनेछ।

(ग) उद्योगमा कार्यरत श्रमिक लगायतका सम्पूर्ण कर्मचारीको दायित्व फरफारक गरेको प्रमाणित हुने विवरण वा कागजात,

(घ) उद्योगले सरकारी दायित्व तथा अन्य दायित्व फरफारक गरेको प्रमाणित हुने विवरण वा कागजात,

(ङ) कर चुक्ता प्रमाणपत्र,

(च) उद्योग दर्ता प्रमाणपत्रको सक्कल प्रति,

(छ) अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(ज) उद्योगको विरुद्ध कुनै अदालत वा न्यायिक निकायमा मुद्दा विचाराधीन नरहेको भनी सम्बन्धित उद्योगले गरेको स्वःघोषणा।

(२) उपनियम (१) बमोजिम कसैको निवेदन परेमा उद्योग दर्ता गर्ने निकायले सो उद्योगसँग कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए पैंतीस दिनभित्र सोको प्रमाण सहित लिखित रुपमा दाबी पेश गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्न सम्बन्धित उद्योगीलाई आदेश दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्रकाशित सूचना अनुसार निर्धारित अवधिभित्र कसैको दाबी परी जाँचबुझ गर्दा कुनै दायित्व बाँकी रहेको भए त्यस्तो दायित्व फरफारक गर्न उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगीलाई आदेश दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको आदेश अनुसार सम्बन्धित उद्योगीले दायित्व फरफारक गरेको देखिएमा उद्योग दर्ता गर्ने निकायले सात दिनभित्र सो उद्योगको दर्ता खारेज गरी लगत कट्टा गर्नु पर्नेछ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (३) बमोजिम उद्योग दर्ता गर्ने निकायले दिएको आदेश बमोजिम फरफारकको कार्य सम्पन्न नभएसम्म वा त्यस्तो उद्योगले तिर्नु बुझाउनु पर्ने दायित्वका सम्बन्धमा कुनै अदालतमा मुद्दा परी

विचाराधीन रहेको अवस्थामा मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म त्यस्तो उद्योगको दर्ता खारेजी वा लगतकट्टा हुने छैन।

**१३.** **अभिलेख माग गर्दा निवेदन दिनु पर्नेः** (१) ऐनको दफा १५ को उपदफा (२) बमोजिम कुनै उद्योग वा त्यस्तो उद्योगमा स्वामित्व भएको व्यक्तिले उद्योग दर्ता गर्ने निकायमा आफूसँग सरोकार राख्ने कागजात वा अभिलेख माग गर्दा अनुसूची-१२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा निवेदन माग बमोजिम कागजात र विवरण उपलब्ध गराउन उपयुक्त देखिएमा उद्योग दर्ता गर्ने निकायले प्रति पृष्ठ पाँच रुपैयाँका दरले प्रतिलिपि दस्तुर लिई त्यस्तो कागजात वा अभिलेख प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ।

**१४.** **दर्ता नियमन प्रक्रिया निर्धारण गर्नु पर्नेः** मन्त्रालयले सेवा प्रवाह सम्बन्धी कार्यलाई एकरुपता ल्याउनका लागि उद्योग दर्ता प्रक्रियामा लाग्ने समय, लागत, निर्णयमा संलग्न हुने तह तथा सेवाग्राहीले प्राप्त गर्ने सेवा सम्बन्धी प्रक्रिया तथा मापदण्ड बनाई लागू गर्नेछ।

**१५.** **सहकारी संस्थाले उद्योग दर्ता गर्न सक्नेः** (१) ऐनको दफा १७ को उपदफा (५) बमोजिम प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका देहायका सहकारी संस्थाले ऐन तथा यस नियमावली र त्यस्तो संस्थाको विनियमको अधीनमा रही उद्योग दर्ता गर्न सक्नेछः-

(क) उत्पादक सहकारी संस्था वा संघ,

(ख) उपभोक्ता सहकारी संस्था वा संघ,

(ग) श्रमिक सहकारी संस्था वा संघ,

(घ) बहुउद्देश्यीय सहकारी संस्था वा संघ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋण सम्बन्धी  कारोबार गर्ने वित्तिय सहकारी संस्था वा संघले उद्योग दर्ता गर्न पाउने छैन।

(३) उपनियम (१) बमोजिम उद्योग दर्ता गर्न चाहने सहकारी संस्थाले देहायका कागजातहरु संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकायमा निवेदन दिनु पर्नेछ:-

(क) सहकारी संस्थाको विनियमको प्रतिलिपि,

(ख) उद्योग सञ्चालन गर्ने सम्वन्धमा साधारण सभाबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) निवेदन दिन प्रतिनिधी नियुक्त गरेको भए सोको अख्तियारी पत्र,

(घ) उद्योग स्थापना हुने स्थानको स्थानीय तहको सिफारिस,

(ङ) सहकारी संस्थाको अघिल्लो आर्थिक बर्षसम्मको लेखापरीक्षण प्रतिवेदन,

(च) शेयर सदस्यको शेयर लगत सहितको विवरण।

१६. **वर्गीकरण अद्यावधिक गर्न निवेदन दिनु पर्ने**: (१) ऐनको दफा १७ को उपदफा (६) बमोजिम वर्गीकरण हुन चाहने उद्योगले देहायको विवरण र कागजात संलग्न गरी अनुसूची-१३ बमोजिमको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ:-

(क) उद्योगको वर्गीकरण अद्यावधिक गर्ने सम्वन्धमा सञ्चालक समितिको निर्णय,

(ख) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ग) करचुक्ता प्रमाणपत्र,

(घ) अख्तियारीपत्र दिएको भए सोको सक्कल पत्र,

(ङ) कुन वर्गमा अद्यावधिक गर्ने हो सो वर्गको लागि योग्य भएको पुष्टि हुने कागजात विवरण।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचवुझ गर्दा उद्योग वर्गीकरण गर्न उपयुक्त देखिएमा उद्योग दर्ता गर्ने निकायले सात दिनभित्र त्यस्तो वर्गीकरण अद्यावधिक गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

## परिच्छेद - ३

## समितिको काम, कर्तव्य र अधिकार तथा उद्योगलाई प्राप्त हुने सुविधा, सहुलियत सम्बन्धी व्यवस्था

१७. **समितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा २३ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको औद्योगिक विकासमा अभिवृद्धि गर्ने सम्बन्धमा सम्वद्ध निकायहरुवीच समन्वय गर्ने,

(ख) प्रदेश सरकारले समय समयमा दिएको निर्देशन पालना गर्ने।

१८. **थप सुविधा तथा सहुलियत उपलब्ध गराउनेः** (१) प्रदेश सरकारले देहायका उद्योगलाई ऐनको दफा २६ को उपदफा (२) को खण्ड (घ) बमोजिम प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछः-

(क) कुल कामदारको कम्तीमा चालिस प्रतिशत महिला तथा अपाङ्गता भएका व्यक्ति कामदार रहेको,

(ख) कम्तीमा पचास प्रतिशत स्थानीय कच्चा पदार्थको प्रयोग गर्ने,

(ग) पूर्णरुपमा हरित उर्जा प्रयोग गर्ने।

(२) प्रदेश सरकारले ऐनको दफा २६ को उपदफा (२) को खण्ड (च) बमोजिमका उत्पादनमुलक, कृषि तथा वन पैदावारमा आधारित उद्योगको क्षमता विस्तारको लागि उत्पादन, रोजगार संख्या वा निर्यातको परिमाणको आधारमा मेसिनरी औजार तथा कच्चा पदार्थ प्रशोधनका लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

(३) मन्त्रालयले उद्योगहरुको प्राविधिक क्षमता विकासको लागि सिपको नक्साङ्कन गरी उद्यमीको सिप विकास तथा स्तर वृद्धी गर्न सिपमूलक तालिम उपलब्ध गराउन सक्नेछ।

१९. **सहजीकरण गर्न सक्नेः** (१) देहायका उद्योगले ऐनको दफा २७ को उपदफा (१) बमोजिम आफूलाई आवश्यक पर्ने जग्गा आफैले खरिद गर्न नसकेमा त्यस्तो जग्गा खरिद गर्न वा जग्गा उपलब्ध गराउनको लागि समन्वय र सहजीकरण गरिदिन उद्योग दर्ता गर्ने निकाय समक्ष लिखित रुपमा अनुरोध गर्नु पर्नेछः-

(क) प्रदेश प्राथमिकता प्राप्त उद्योग,

(ख) आफ्नो उत्पादनको कम्तीमा साठी प्रतिशत उत्पादन विदेशमा निर्यात गर्ने उद्योग,

(ग) अति अविकसित क्षेत्र, अविकसित क्षेत्र र कम विकसित क्षेत्रमा स्थापना हुने मझौला र ठूला उद्योग,

(घ) कम्तीमा तीन सय जना व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उद्योग,

(ङ) स्थिर पुँजीमा पाच अर्ब रूपैयाँभन्दा बढी लगानी गर्ने उद्योग,

(च) कम्तीमा पचास प्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित वा आयातित कच्चा पदार्थ भए कम्तीमा पचास प्रतिशत मूल्य अभिवृद्धि हुने मझौला र ठूला उद्योग।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उपनियम (१) बमोजिम अनुरोध भई आएमा त्यस्तो उद्योगलाई उद्योग दर्ता गर्ने निकायले जग्गा उपलब्ध गराउने कार्यमा जग्गाधनी, स्थानीय तह, स्थानीय प्रशासन तथा प्रदेश सरकारका अन्य निकायहरुसँग आवश्यक समन्वय र सहजीकरण गरी दिनेछ।

(३) प्रदेश सरकारबाट घोषित तथा सञ्चालित औद्योगिक क्षेत्रमा उपनियम (२) बमोजिमका उद्योगलाई उद्योग स्थापनाका लागि जग्गा उपलब्ध गराउन प्राथमिकतामा राख्न सक्नेछ।

२०. **रुग्ण उद्योगलाई दिइने सुविधाः** ऐनको दफा २९ को उपदफा (२) बमोजिम प्रचलित कानून बमोजिम प्राप्त हुने सुविधाका लागि सम्बन्धित निकायको सिफारिसमा मन्त्रालयले समन्वय, सहजीकरण तथा सुविधाको लागि सिफारिस गर्न सक्नेछ।

२१. **सुरक्षा प्रदान गर्नेः** (१) प्रदेश सरकारले प्रदेश प्राथमिकता प्राप्त उद्योगहरुमा शान्ति, सुरक्षा कायम गर्न प्रत्येक औद्योगिक क्षेत्रमा आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी खटाउने व्यवस्थाका लागि आवश्यक समन्वय गर्नेछ।

(२) कुनै उद्योगले सुरक्षाका कारण उद्योग सञ्चालन गर्न कठिनाई परेको भनी सुरक्षा माग गरेमा प्रदेश सरकारले त्यस्तो उद्योग वा त्यस्तो उद्योग रहेको औद्योगिक क्षेत्रमा आवश्यकता अनुसार थप सुरक्षाकर्मी खटाउन नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले सम्बन्धित उद्योगको अनुरोधमा देहायको प्रयोजनको लागि छुट्टै सुरक्षा व्यवस्था मिलाउन आवश्यक समन्वय गर्न सक्नेछः-

(क) औद्योगिक मेला, प्रदर्शनी तथा अन्य औद्योगिक समारोह आयोजना गर्न,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) उद्योगमा भएको बन्द, हड्तालको समयमा हुन सक्ने आगजनी, तोडफोड तथा लुटपाट नियन्त्रण गर्न,

(ग) उद्योग, प्रतिष्ठान रहेको इलाकामा हुनसक्ने सम्भावित सुरक्षा चुनौतीको सामना गर्न।

## परिच्छेद -४

## कोषको सञ्चालन तथा व्यवस्थापन

२२. **कोषको सञ्चालनः** (१) ऐनको दफा ३७ बमोजिमको प्रदेश औद्योगिक तथा लगानी प्रवर्धन कोषको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको सञ्चालक समिति रहनेछः-

(क) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -अध्यक्ष

(ख) अधिकृतस्तर नवौ तहको अधिकृत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) अधिकृतस्तर नवौ तहको अधिकृत, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) अधिकृतस्तर नवौ तहको अधिकृत, सामाजिक विकास मन्त्रालय -सदस्य

(ङ) महाशाखा प्रमुख, औद्योगिक तथा पर्यटन प्रवर्धन महाशाखा -सदस्य-सचिव

(२) कोषको रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(३) कोषको खाता सञ्चालन मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र मन्त्रालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(४) कोषको वार्षिक कार्यक्रम बोर्डले स्वीकृत गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(५) उपनियम (१) बमोजिमको कोषमा रहने रकम ऐनको दफा ३७ को उपदफा (४) बमोजिमको कार्यमा खर्च गर्दा कोषको स्वीकृत वार्षिक कार्यक्रमको अधीनमा रही खर्च गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम कोषको रकमबाट खर्च हुने गरी वार्षिक कार्यक्रमको छनौट गर्दा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालित कार्यक्रममा दोहोरो नपर्ने गरी छनौट गर्नु पर्नेछ।

(७) उपनियम (१) बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सञ्चालक समितिले आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२३. **<u>कोषको लेखा र लेखापरीक्षणः</u>** (१) कोषको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद - ४
## विविध

२४. **<u>करार गरी उत्पादन गर्न सक्नेः</u>** (१) कुनै उद्योगले अन्य निर्यातमुलक उद्योगको लागि ऐनको दफा ३९ को उपदफा (२) बमोजिम वस्तु वा सेवाको उत्पादन गर्दा देहायको मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) करारमा वस्तु उत्पादन गर्ने उद्योग प्रचलित कानून बमोजिम दर्ता भएको,

(ख) करारमा कुनै वस्तु वा सेवा उत्पादन गर्ने उद्योगले सो वस्तु वा सेवा उत्पादन गर्न उद्योग दर्ता गर्ने निकायबाट प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त गरेको,

(ग) करारमा वस्तु वा सेवा उत्पादन गराउने उद्योगको उत्पादन हुने वस्तु वा सेवाको

आन्तरिक मामिला तथा कानून मन्त्रालय

ट्रेडमार्क दर्ता भएको वा हक कायम भएको,

(घ) उत्पादनकर्ता उद्योगले आफ्नो स्वीकृत क्षमताको सीमा भित्र रहेर मात्र वस्तु वा सेवा उत्पादन गरेको।

(२) उपनियम (१) बमोजिमको मापदण्ड पुरा गरेको निर्यातमूलक उद्योगले निर्यात गरेको वस्तुको परिमाणका आधारमा प्रचलित कानून बमोजिम छुट, सुविधा वा सहुलियत पाउन सक्नेछ।

२५. **व्यावसायिक सामाजिक जिम्मेवारी**: (१) मझौला वा ठूला उद्योगले ऐनको दफा ४१ को उपदफा (१) बमोजिम छुट्याएको रकम देहायको कुनै कार्य वा क्षेत्रमा खर्च गर्नु पर्नेछः-

(क) विपद्को रोकथाम, नियन्त्रण तथा उद्धार,

(ख) सामुदायिक स्वास्थ्य संस्थालाई औषधी तथा स्वास्थ्य सम्बन्धी उपकरण वितरण, स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि, स्वास्थ्य शिविर सञ्चालन लगायतका स्वास्थ्य सम्बन्धी कार्य,

(ग) नेपाली कला, संस्कृति, पुरातात्विक धरोहरको संरक्षण तथा सम्बर्द्धन,

(घ) न्यून आय भएका, पिछडिएका, ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति तथा अल्पसङ्ख्यक, सिमान्तकृत समुदायका लागि सीपमुलक र आयमूलक कार्यक्रम,

(ङ) सामुदायिक विद्यालय तथा विश्वविद्यालयका लागि छात्रवृत्ति, शैक्षिक उपकरण तथा सामग्री वितरण लगायत शैक्षिक विकास सम्बन्धी कार्य,

(च) प्रदुषण नियन्त्रण, फोहर मैला व्यवस्थापन, वृक्षारोपण, पानीको मुहान संरक्षण, वैकल्पिक उर्जाको प्रबर्धन लगायत वातावरण संरक्षण,

(छ) धुम्रपान, मद्यपान, सामाजिक विकृति विसङ्गति विरुद्धका अभियान तथा सन्देशमूलक वृत्तचित्र निर्माण तथा प्रसारण,

(ज) ग्रामीण खानेपानी आयोजना निर्माण, सडक, ढल, पाटी पौवा, वृद्धाश्रम, खेल मैदान, धार्मिक स्थल, सामुदायिक स्वास्थ्य भवन, सामुदायिक भवन आदि निर्माण तथा मर्मत सम्भार, अनाथ आश्रम निर्माण, पार्क निर्माण, ध्यानयोग केन्द्र निर्माण, बसपार्क तथा बस बिसौनी निर्माण जस्ता सार्वजनिक हितका लागि प्रयोग हुने भौतिक पूर्वाधार।

(२) उपनियम (१) बमोजिम उद्योगले सामाजिक व्यावसायिक जिम्मेवारीका लागि छुट्याइएको वार्षिक रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उद्योगबाट प्रभावित क्षेत्रमा खर्च गर्नु पर्नेछ।

(३) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी वहन गर्नको लागि छुट्याइएको रकममध्ये बढीमा दश प्रतिशत रकम सम्बन्धित शीर्षकबाट कट्टा गर्न पाउने गरी कोषमा जम्मा गर्न सक्नेछ।

(४) उपनियम (३) बमोजिम जम्मा भएको रकम उपनियम (१) बमोजिमको कार्य वा क्षेत्रमा मात्र खर्च गर्न सकिनेछ।

(५) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारी निर्वाह गर्दा स्थानीय तहको समन्वयमा सञ्चालन गर्नु पर्नेछ।

(६) उद्योगले व्यावसायिक सामाजिक जिम्मेवारीका लागि छुट्याएको रकमबाट आफ्नो उद्योगलाई प्रत्यक्ष मुनाफा हुने गरी खर्च गर्न वा कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

२६. **क्षतिपूर्ति सम्बन्धीः** (१) ऐनको दफा ४३ को उपदफा (१) बमोजिम उद्योग ग्राम, औद्योगिक कलष्टर र विशेष आर्थिक क्षेत्रमा आवासीय भवन वा अन्य भवन वनाउन वस्ती वसाल्न रोक लगाउन प्रदेश राजपत्रमा सूचना प्रकाशन भएकोमा त्यस्तो सूचनाको कारणबाट कुनै व्यक्तिलाई हानि नोक्सानी पुग्न गएमा त्यस्तो व्यक्तिले प्रदेश राजपत्रमा सूचना प्रकाशन भएको मितिले पैंतीस दिनभित्र मन्त्रालय समक्ष क्षतिपूर्तिको लागि निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर मन्त्रालयले आवश्यक जाँचबुझ गरी सरोकारवाला निकाय समेतको सहभागितामा आवश्यक मापदण्ड निर्धारण गरी सोको आधारमा क्षतिपूर्तिको मूल्याङ्कन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम क्षतिपूर्तिको मूल्याङ्कन भएपछि मन्त्रालयले उपनियम (१) बमोजिमको निवेदकलाई क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस सहित प्रदेश सरकार समक्ष पेश गर्नेछ र प्रदेश सरकारले त्यस्तो क्षतिपूर्तिको रकम सम्बन्धित व्यक्तिलाई उपलब्ध गराउनेछ।

२७. **विद्युतीय माध्यमको प्रयोगः** (१) ऐनको दफा ४४ बमोजिम उद्योग दर्ता गर्ने निकायबाट प्रवाह हुने सेवासँग सम्बन्धित उद्योग दर्ताको निवेदन, नामसारी, नाम परिवर्तन, स्थानान्तरण, पूँजी तथा क्षमता वृद्धि, उद्देश्य थप वा परिवर्तन, वातावरणीय प्रभाव मूल्याङ्कन, उद्योगलाई दिईने छुट, सहुलियत, सुविधा, खारेजी र नियमन जस्ता कार्यको लागि निवेदन लिँदा, तत्सम्बन्धी जानकारी दिँदा वा उद्योग प्रशासन सम्बन्धी अन्य कार्य गर्दा विद्युतीय माध्यमको प्रयोग गरी अभिलेख गरिनेछ।

(२) उपनियम (१) बमोजिम कार्यसम्पादन गर्दा तयार गरिएको अभिलेखलाई विद्युतीय माध्यममा रुपान्तरण गरी पोर्टलमा आबद्ध गरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) स्थानीय तहमा दर्ता हुने उद्योगको समेत एकीकृत विद्युतीय विवरण निर्देशनालयले अद्यावधिक गर्नु पर्नेछ।

(४) ऐन तथा संघीय ऐन बमोजिम छुट, सुविधा र सहुलियत प्राप्त गर्नका लागि विद्युतीय पोर्टल सञ्चालनमा आएपश्चात सबै उद्योगले त्यस्तो पोर्टलमा आबद्ध भई विवरण समेत अद्यावधिक गराएको हुनु पर्नेछ।

२८. **स्वचालित स्वीकृति प्रक्रिया**: ऐनको दफा ४५ बमोजिमको स्वचालित स्वीकृति प्रक्रिया सम्बन्धी व्यवस्था प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

२९. **एकल बिन्दु सेवा केन्द्र**: ऐनको दफा ४८ बमोजिमको एकल बिन्दु सेवा केन्द्रको स्थापना, त्यसमा रहने जनशक्ति, सञ्चालन प्रक्रिया लगायतका विषयहरु प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ।

३०. **औद्योगिक पूर्वाधार सम्बन्धी मापदण्ड**: मझौला तथा ठुला उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्दा नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरेका भवन लगायतका पूर्वाधार मापदण्डहरुको अनिवार्य पालना गर्नु पर्नेछ।

३१. **स्थानीय तहको उद्योग प्रशासन सम्बन्धी कार्य**: (१) ऐनको दफा ४९ बमोजिम स्थानीय तहले उद्योग प्रशासन सम्बन्धी कार्य गर्दा ऐन र यस नियमावली बमोजिमको प्रक्रिया पुरा गरी गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम उद्योग प्रशासन सम्बन्धी कार्य गर्दा स्थानीय तहले प्रक्रियागत सहजीकरणका लागि निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

(३) प्रचलित कानून बमोजिम प्रदेश सरकारका निकायमा दर्ता भएका ऐनको दफा ४९ को उपदफा (१) बमोजिम स्थानीय तहले दर्ता, प्रशासन तथा नियमन सम्बन्धी कार्य गर्न सक्ने उद्योगको विवरण तथा तत् सम्बन्धी कागजात सम्बन्धित स्थानीय तहबाट माग भएमा सम्बन्धित प्रदेश सरकारको निकायले सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्नेछ।

३२. **उजुरी उपर जाँचवुझः** (१) ऐनको दफा ५४ को उपदफा (१) बमोजिम निवेदन दिँदा मर्का पर्ने पक्षले सोसँग सम्बन्धित पुष्ट्याई हुने विवरण तथा कागजातहरु समेत संलग्न राखी अनुसूची-१४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा मन्त्रालयको सचिवले आवश्यक जाँचवुझ गरी गराई सो सम्बन्धमा आवश्यक निर्देशन तथा सम्बन्धित कर्मचारीलाई आवश्यकता अनुसार निजको कार्यसम्पादनमा सुधार गर्न, सचेत गराउन वा प्रचलित सेवा शर्त सम्बन्धी कानून बमोजिम कारवाही गर्न सक्नेछ।

३३. **औद्योगिक सुशासनको लेखाजोखाः** (१) सम्वन्धित निकायले मन्त्रालयले निर्धारण गरेको उद्योगको आर्थिक, प्राविधिक, पूर्वाधार तथा वातावरण सम्वन्धी सूचकको आधारमा औद्योगिक सुशासनको लेखाजोखा गरी सार्वजनिक गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम लेखाजोखागर्दा उद्योगले गरेको स्वःमूल्याङ्कनलाई समेत आधार मान्न सकिनेछ।

(३) उपनियम (१) बमोजिमको सूचकहरुको मूल्याङ्कन उद्योगको विवरण अद्यावधिक गर्दा लिईने विवरणलाई विद्युतीय माध्यमको प्रयोग मार्फत समेत मूल्याङ्कन गर्न सकिनेछ।

३४. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः** (१) मन्त्रालयले अनुसूची-१, २, ३, ५, ६, ७, ८, ९, १०, ११, १२, १३ र १४ मा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

(२) प्रदेश सरकारले अनुसूची-४ मा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

(३) उपनियम (१) र (२) मा थपघट वा हेरफेर सम्बन्धी सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

अनुसूची -१

(नियम ४ को उपनियम (१) र नियम १५ को उपनियम (३) सँग सम्बन्धित)

**उद्योग दर्ताको लागि दिने निवेदनको ढाँचा**

श्री .............................

.......................................... ।

**विषय : उद्योग दर्ता गरिदिने सम्बन्धमा।**

महोदय,

प्रदेश ................... जिल्ला ............... नगरपालिका/गाउँपालिका ......... वडा नं....... मा ............ उद्देश्य रहेको ........................................... नामको उद्योग स्थापना गर्न प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम ४ को उपनियम (१) बमोजिमको विवरण र कागजात यसैसाथ संलग्न राखी उद्योग दर्ताको लागि निवेदन गरेको छु/छौं। निवेदनमा उल्लेख भएको व्यहोरा ठिक साँचो छ। झुट्टा ठहरेमा कानून बमोजिम सहुँला बुझाउँला।

**निवेदकको पूरा नाम, थरः**

**निवेदकको हस्ताक्षरः**

नागरिकता प्रमाणपत्रको नम्बरः ..............., जारी मितिः ................... जिल्लाः .........

**निवेदकको ठेगानाः**

प्रदेशः ................., जिल्लाः ..........., गाउँपालिका/नगरपालिकाः ................,वडा नं. ........टोल/मार्गः ..................... घर नम्बरः ...............सम्पर्क फोन नम्बरः ......................फ्याक्स नम्बरः .................. इमेलः ................,

**संलग्न कागजातहरुः**

१. अनुसूची-२ बमोजिमको परियोजना प्रस्ताव,

२. नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (विदेशीको हकमा राहदानीको प्रतिलिपि),

३. प्रबन्धपत्र, नियमावली र कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि (कम्पनीको हकमा मात्र),

४. साझेदारी कबुलियतनामा (साझेदारी फर्म भएमा),

५. अन्य निकायको सहमति (जस्तै पर्यटन, स्वास्थ्य, औषधी,सञ्चार, वन, श्रम आदिसँग सम्बन्धित उद्योग भएमा),

६. सम्बन्धित स्थानीय तहको सिफारिस,

७. अन्य कागजात ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची -२

(नियम ४ को उपनियम (१) को खण्ड (छ), नियम ८ को उपनियम (१) को खण्ड (च) सँग सम्बन्धित)

**परियोजनाको विवरण**

१. **उद्योगको नामः**

२. **उद्योग रहने स्थलः** ............... प्रदेश, ............... जिल्ला, .......नगरपालिका/गाउँपालिका, वडा नं. ......

३. **पत्राचारको ठेगाना र फोन नं.:**

सम्पर्क व्यक्तिको नामः

४. **विशेष आर्थिक क्षेत्रको नामः**

**५. उद्योगको स्तरः साना मझौला ठूला**

६. **उद्योगको कानूनी रुपः** निजी फर्म ( ) साझेदारी फर्म ( )

प्रा.लि.कम्पनी ( ) पब्लिक लिमिटेड कम्पनी ( )

**७. उद्योगको वर्गः**

उर्जामूलक उद्योग ( ) उत्पादनमूलक उद्योग ( )

कृषि तथा वन पैदावारमा आधारित उद्योग ( ) खनिज उद्योग ( )

निर्माण उद्योग ( ) सेवामूलक उद्योग ( )

पर्यटन उद्योग ( ) सूचना तथा सञ्चार प्रविधिमा आधारित उद्योग ( )

**८.** (क) उद्योग सञ्चालन हुने दिन प्रति वर्षः शिफ्टः

(ख) उत्पादन हुने वस्तु वा सेवाको विवरणः

| क्र.सं. | वस्तु वा सेवाको विवरण | वार्षिक क्षमता | एकाइ | बिक्री मूल्य दर (रु.) | कुल बिक्री मूल्य(रु.) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**९. परियोजना लागत तथा लगानीको स्रोत**

| | लगानी (रु.) | लगानीको स्रोत | |
|---|---|---|---|
| | | स्वः लगानी (रु.) | ऋण लगानी (रु.) |
| स्थिर पूँजी | | | |
| चालू पूँजी | | | |
| कुल पूँजी | | | |

**१०. स्थिर पूँजी विवरणः**

| क्र.सं. | विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | जग्गा (क्षेत्रफल.......) | | |
| २. | भवन (क्षेत्रफल.......) | | |
| ३. | मेशिनरी उपकरण | | |
| ४. | फर्निचर फिक्स्चर, अफिस उपकरण | | |
| ५. | सवारी साधन | | |
| ६. | पूर्वा सञ्चालन खर्च | | |
| ७. | अन्य | | |
| | कुल स्थिर पूँजी | | |

**११. चालू पूँजीको विवरणः**

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | कच्चा पदार्थ (...... महिना/दिनको लागि) | |
| २. | अर्थ तयारी वस्तु | |
| ३. | उधारो (...... महिना/दिनको लागि) | |
| ४. | अन्य | |
| | कुल | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**१२. मेशिनको विवरणः**

| क्र.सं. | नाम | आवश्यक सङ्ख्या | मूल्य (रु.) |
|---|---|---|---|
| | | | |

**नोटः आवश्यक भएमा मेशिनको प्रयोजन र औचित्य बारे पुष्ट्याईं पेश गर्नु पर्नेछ ।**

**१३. उद्योगले प्रयोग गर्न आवश्यक कच्चा पदार्थको विवरणः**

| क्र.सं. | कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकिङ्ग सामाग्रीको नाम | एकाइ | दर | वार्षिक आवश्यक परिमाण | कुल रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**१४. जनशक्ति विवरणः**

| विवरण | स्वदेशी | विदेशी | कुल सङ्ख्या |
|---|---|---|---|
| कर्मचारी (प्रशासनिक) | | | |
| कर्मचारी (प्राविधिक) | | | |
| कामदार उच्च दक्ष | | | |
| दक्ष | | | |
| अर्धदक्ष | | | |
| अदक्ष | | | |
| जम्मा | | | |

**१६. उद्योगमा प्रयोग हुने इन्धन तथा पानीः**

| किसिम | वार्षिक परिमाण/ क्षमता | एकाइ | स्रोत |
|---|---|---|---|
| विद्युत शक्ति | | के.भि.ए. | |
| डिजेल | | कि.लि. | |
| LDO, फर्नेश आयल | | कि.लि. | |
| कोइला | | मे.टन | |

| | | | |
|---|---|---|---|
| धानको भुस | | मे.टन | |
| पानी | | लि. | |
| अन्य | | | |

**१७. उद्योग सञ्चालनबाट प्रभावित हुन सक्ने वातावरणीय पक्षहरूः**

| वातावरणीय अवयवहरू | दुरी/विवरण | प्रतिकूल असर | | प्रतिकूल असर न्यूनीकरणका उपायहरू |
|---|---|---|---|---|
| | | हुने | नुहने | |
| जलस्रोत | | | | |
| कृषिजन्य भूमि | | | | |
| वन स्रोत | | | | |
| मानव बस्ती | | | | |
| विद्यालय | | | | |
| अस्पताल वा स्वास्थ्य केन्द्र | | | | |
| धार्मिक/साँस्कृतिक सम्पदा | | | | |
| अन्य (उल्लेख गर्ने) | | | | |

**१८. मुख्य लगानीकर्ताको विवरणः**

| | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| लगानीकर्ताको नाम | | | | |
| बाबुको नाम | | | | |
| बाजेको नाम | | | | |
| नागरिकता/राहदानी | | | | |
| पत्राचारको ठेगाना | | | | |
| फोन नं. | | | | |
| इमेल | | | | |
| लगानीको प्रतिशत | | | | |
| हस्ताक्षर | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

**१९. विदेशी लगानी वा प्रविधि हस्तान्तरण भएमा लगानीकर्ताको विवरणः**

(क) नाम, थर :

(ख) मुलुक :

(ग) राहदानी नम्बरः

(घ) जारी भएको स्थानः

(ङ) बहाल अवधिः

(च) भिसा नम्बरः

(छ) जारी गरेको स्थानः

(ज) अवधिः

(झ) मूल कम्पनीको आधारिक पत्रः भए/नभएको

पत्राचार गर्ने ठेगानाः

स्थानीय प्रतिनिधिको नाम र ठेगानाः

सम्पर्कः फोन नं.: फ्याक्स नं. इमेलः

**<u>नोटः</u>**

१. लगानीकर्ता कम्पनी भएमा सो कम्पनीको दर्ता प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली रकम्पनीको मुख्य कार्यालय रहेको पूरा ठेगाना समेत खुलाउनु पर्नेछ।

२. प्रदेश वातावरण संरक्षण नियमावली, २०७७बमोजिम वातावरणीय अध्ययन गर्नु पर्ने भए सो गर्नुपर्ने।

३. विवरण फाराम पूर्ण रुपमा भरिएको हुनु पर्नेछ।

४. माथिका विभिन्न महलमा विवरण भर्ने ठाउँ पर्यास नभएमा छुट्टै भरी पेश गर्नसकिनेछ।

५. व्यावसायिक उत्पादन वा कारोबार शुरु भएको मितिले तीन महिनाभित्र पुनः यो फारामभरी विवरण अध्यावधिक गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-३

(नियम ३ को उपनियम (२) र नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

**उद्योग दर्ता प्रमाण-पत्रको ढाँचा**

कर्णाली प्रदेश सरकार

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

.......................................

**उद्योग दर्ता प्रमाण-पत्र**

उद्योग दर्ता नं.:- मितिः-

अद्यावधिक गरिएको भए अद्यावधिक नं.:- मितिः-

प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७८ को दफा ३ तथा प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम ६ बमोजिम निम्न अनुसारको विवरण भएको उद्योग दर्ता गरीयो प्रमाण-पत्रप्रदान गरिएको प्रमाण-पत्र प्रदान गरिएको छ।

